# कटारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(शिक्षा युवा तथा खेलकुद शाखा)
कटारी, उदयपुर

पत्र संख्याः–०७९/०८०
चलानी नम्बरः– २

मितिः२०७९/०४/०१

विषयः- शिक्षकको सम्पति विवरण बुझाउने सम्बन्धमा ।

श्री सबै सामुदायिक विद्यालयहरु

प्रस्तुत विषयमा राष्ट्रिय किताबखाना (शिक्षक) को च. नं. ३८ मिति २०९७/०३/३० को प्राप्त पत्रानुसार भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५० को उपदफा १ तथा अख्तियार दुरुपयोग अनुसन्धान ऐन २०४८ को दफा ३१ (क) बमोजिम प्रत्येक शिक्षकले आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पतिको स्रोत वा निस्सासहितको अध्यावधिक सम्पति पेस गर्नुपर्ने कानुनी प्रावधान भएकोले विद्यालयहरुले आफ्नो विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुको आ. व. २०७८/०७९ को सम्पति विवरण नेपाल राजपत्र भाग ५ खण्ड ६० संख्या १ मिति २०६७ बैशाख ६ को नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालको सुचनामा तोकिएको ढाचाबमोजिम सम्पति विवरण फारम भरी खामबाहिर देहायको विवरण उल्लेख गरी राष्ट्रिय किताबखाना (शिक्षक) मा सम्पति विवरण पठाउन व्योहोराका साथ् अनुरोध छ ।

आ.व. २०७८/०७९ को सम्पति विवरण

| प्रेषक | प्रापक |
|---|---|
| शिक्षकको संकेत: (सिटरोल नं.) | राष्ट्रिय किताबखाना (शिक्षक)<br>म्युजियम मार्ग, छाउनी काठमाडौं |
| शिक्षकको नाम थर: | |
| तह: | |
| श्रेणी: | |
| मोबाईल न. | |
| कार्यरत विद्यालय र ठेगाना: | |
| हाल कार्यरत विद्यालय हाजिरी मिति: | |
| जिल्ला: | |
| प्रदेश: | |
| स्थानीय तह: | |

१. स्थायी शिक्षकको आ. व. २०७८/०७९ कप सम्पति विवरण दर्ता गर्ता व्यक्ति स्वयम् राष्ट्रिय किताबखाना (शिक्षक) जानुनपर्ने गरी विद्यालय/ स्थानीय तहले संकलन गरी सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईहरुले जिल्लाका सबै विद्यालय शिक्षकहरुले एकमुस्ट जम्मा गरी २०७९ साल श्रावण १ गतेदेखि भाद्र २९ गतेभित्र अनिबार्य रुपमा राष्ट्रिय कितावखाना शिक्षकमा प्राप्त हुने गरी छिटो हुने माध्यमबाट पठाउनुपर्नेछ | विद्यालयमा कार्यरत करार, राहत, बाल बिकास शिक्षक, विद्यालय कर्मचारी आदिले आफु कार्यरत स्थानीय तहमा बुझाउनु पर्नेछ र स्थानीय तहले सो विवरण दर्ता गरी सुरक्षित राख्नु पर्नेछ | सम्पति विवरण बुझाउने अन्तिम दिन सार्वजनिक विदा परे सम्पति विवरण दर्ता गर्ने प्रयोजनका लागि यस कितावखाना खुल्ला रहनेछ |

२. अध्ययन विदा, असाधारण विदा र अन्य विदा, लामो काज वा निलम्बनमा रहेको शिक्षकको सार्वजनिक पद धारण गरेकै अवस्था हुने भएकोले म्याद भित्र सम्पति विवरण बुझाउने दायित्व सम्बन्धित शिक्षकको नै हुनेछ |

३. आ. व. ०७८/०७९ भित्र (अर्थात २०७८ श्रावण १ गतेदेखि २०७९ आषाढ मसान्त सम्म) सेवानिवृत भएको शिक्षकले समेत उपर्युक्तानुसार सम्पति विवरण बुजाउनु पर्नेछ |

४. संकेत नं. नमिलेको, तोकिएको मितिभन्दा पछी प्राप्त भएको सम्पति विवरणलाई प्राप्त नभए सरह मानी अभिलेख राखिने छैन |

५. हुलाकमार्फत तोकिएको अवधिभित्र प्राप्त भएको सम्पति विवरण PIS प्रविष्ट गरी अभिलेख राखिनेछ | तर तोकिएको ६० दिन पछी प्राप्त सम्पति विवरणलाई प्राप्त नभए सरह मानी अभिलेख राखिने छैन |

६. सम्पति विवरण फाराम यस कार्यालयको website www.stro.gov.np मा उपलब्ध छ | सम्पति विवरण दर्ताको जानकारी सम्बन्धित शिक्षकले उल्लेख गरेको मोबाईल नं. मा sms बाट प्राप्त हुनेछ |

कुमार प्रसाद दाहाल
शिक्षा शाखा अधिकृत
शाखा अधिकृत
शिक्षा